# बाँझो जग्गामा खेतीका लागि प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि,२०७७

(माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत मिति २०७७/०५/१६)

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

Scanned with CamScanner

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
मकवानपुर, नेपाल

# बाँझो जग्गामा खेतिका लागि प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि, २०७७

**प्रस्तावना**: बाँझो जग्गामा व्यवसायिक खेति प्रोत्साहन कार्यक्रम सञ्चालनबाट लामो समय देखि बाँझो रहदै आएका खेति योग्य जमिनमा पुनः खेति गर्न कृषकहरुलाई प्रोत्साहन गर्दै कृषि क्षेत्रको विस्तार, उत्पादन र उत्पादकत्वमा वृद्धि गरी कृषकको आर्थिकस्तरमा सुधार ल्याउन र बाँझो जग्गामा खेतिका लागि प्रोत्साहन कार्यक्रम सञ्चालनलाई पारदर्शी र प्रभावकारी बनाउन श्री आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमती तथा प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को दफा ४ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयवाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "**बाँझो जग्गामा खेतिका लागि प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि, २०७७**" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा**: विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "**बाँझो जग्गा**" भन्नाले कुनै व्यक्तिको नाममा नापी भई सो व्यक्ति वा अन्य कसैले पनि कुनै किसिमको खेति नगरी प्राकृतिक अवस्थामा रहेको कृषि योग्य जग्गा भन्ने सम्झनु पर्छ ।

(ख) "**खेति**" भन्नाले बजारीकरण उद्देश्य राखी गरिएको कुनै पनि किसिमको कृषि (अन्न, तेलहन, दलहन, फलफुल, तरकारी आदि) खेतीलाई सम्झनु पर्छ।

(ग) "**आवेदक**" भन्नाले बाँझो जग्गामा खेति प्रोत्साहन कार्यक्रमको लागि अनुदान लिनका लागि निर्देशनालय/केन्द्र समक्ष आवेदन दिएका कृषक, निजि फर्म, कृषक समूह र कृषि सहकारी संस्थालाई सम्झनु पर्छ।

(घ) "**अनुदानग्राही**" भन्नाले बाँझो जग्गामा खेति प्रोत्साहन कार्यक्रमका लागि अनुदान पाउनका लागि छनौट भएका आवेदकलाई सम्झनु पर्छ।

(ङ) "**स्थानीय तह**" भन्नाले यस कार्यविधि अनुरुप कार्यक्रम सञ्चालन हुने सम्बन्धित गाउँपालिका/नगरपालिका/ उपमहानगरपालिका/ महानगरपालिका भन्ने सम्झनु पर्छ।

(च) "**कृषि ज्ञान केन्द्र**" भन्नाले कृषि विकास निर्देशनालय मातहतको कार्यालय भन्ने सम्झनु पर्छ।



Scanned with CamScanner

(छ) "निर्देशनालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय भन्ने सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेशलाई सम्झनु पर्छ।

३. <u>उद्देश्य</u> : यस कार्यविधि अनुसार कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) लामो समय देखि बाँझो रहदै आएका खेति योग्य जमिनमा पुनः खेति गर्न कृषकहरुलाई प्रोत्साहन गर्दै कृषि क्षेत्रको विस्तार, उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने,

(ख) वर्तमान अवस्थामा बढ्दै गएको वस्ती स्थानान्तरणलाई दुरुत्साहन गरी खेति योग्य जमिनको भरपुर उपयोग गर्ने,

(ग) वैदेशिक रोजगारबाट फर्केका, प्राकृतिक प्रकोप पिडित, शिक्षित र उत्साही युवाहरुलाई कृषि व्यवसायमा आकर्षित गर्ने ।

## परिच्छेद- २

## <u>कार्यक्रम सञ्चालन विधि</u>

४. <u>कार्यक्रम सञ्चालन</u>: यो कार्यक्रम प्रदेश भर सञ्चालन हुनेछ ।

५. <u>प्रस्ताव माग गर्ने</u> : (१) बाँझो जग्गामा खेति प्रोत्साहन कार्यक्रमको लागि सहयोग पुर्याउन अनुदान दिने उद्देश्यले निर्देशनालयले ३० दिने म्याद दिई राष्ट्रिय/स्थानीय पत्रिका, रेडियो, एफ.एम. तथा अनलाईन पत्रिका मार्फत प्रस्ताव आव्हान गरी अनुसूची- १ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ । उक्त सूचना निर्देशनालयको सूचना पाटी, वेबसाईट, कृषि ज्ञान केन्द्र सूचना पाटीमा पनि टाँस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रकाशन पश्चात आवेदकले अनुसूची-२ बमोजिमको निवेदनसाथ देहाय बमोजिम कागजातहरु पेश गर्नुपर्छ ।

(क) माग निवेदनको साथ निजि फर्म, कृषक, कृषक समूह र कृषि सहकारीको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

(ख) सम्बन्धित स्थानीय तहको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र,

(ग) समूह वा सहकारीको कार्य समितिको बैठकले बाँझो जग्गामा खेति प्रोत्साहन कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि,



Scanned with CamScanner

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा मकवानपुर, नेपाल

(घ) प्रस्ताव आवेदकले आफूले सञ्चालन गर्ने कृषि व्यवसायको अनुसूची-३ बमोजिमको प्रस्ताव,

(ङ) बाँझो जग्गामा खेति प्रोत्साहन कार्यक्रमको लागि आवेदक वा निजको परिवारको स्वामित्वमा पर्याप्त जग्गा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा सामान्यतया ५ वर्ष लिजमा लिएको खुल्ने सक्कल कागज।

(च) अनुसूची-४ बमोजिमको स्वघोषणा पत्र।

(छ) सम्बन्धित व्यक्तिले भोगचलन गरेको तर लालपुर्जा नभएको हकमा स्थानीय तहको स्वीकृती वा सिफारिस ।

(३) तर, आवेदकहरु कृषि ज्ञान केन्द्र उपस्थित हुन नसकेमा कृषि ज्ञान केन्द्रको ईमेल मार्फत समेत प्रस्ताव पेश गर्न सकिनेछ ।

## परिच्छेद- ३
## संस्थागत व्यवस्था

६. <u>मूल्याङ्कन समितिको गठनः</u> (१) कार्यक्रम सञ्चालनको लागि प्राप्त निवेदनहरुको मूल्याङ्कन गर्न कृषि ज्ञान केन्द्रमा देहाय बमोजिमको समिति गठन हुनेछ ।

| | |
|---|---|
| (क) प्रमुख वा नीजले तोकेको अधिकृत | -संयोजक |
| (ख) बागवानी विकास अधिकृत | -सदस्य |
| (ग) बाली संरक्षण अधिकृत | -सदस्य |
| (घ) बाली विकास/ कृषि प्रसार अधिकृत | -सदस्य |
| (ङ) खरिद ईकाई, प्रमुख | -सदस्य सचिव |

(२) मूल्याङ्कन समितिले बढीमा तीन जना विषय विज्ञलाई मूल्याङ्कन समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) मूल्याङ्कन समितिले दफा (९) मा तोकिएको मूल्याङ्कन मापदण्डहरुको आधारमा मूल्याङ्कन गर्ने,

(ख) आवश्यकता अनुसार प्रस्तावित कार्यक्रम स्थलको स्थलगत निरीक्षण गर्ने,

(ग) प्रस्ताव अध्ययन र स्थलगत निरीक्षण पश्चात मूल्याङ्कन गरी मूल्याङ्कन समितिको सिफारिस सहित स्विकृतीका लागि कृषि ज्ञान केन्द्रको प्रमुख समक्ष पेश गर्ने।

७. <u>कार्यक्रम कार्यान्वयन सम्झौता</u> : (१) छनौट भएका प्रस्तावहरुको जानकारी सम्बन्धित आवेदकहरुलाई ७ दिनभित्र उपलव्ध गराईनेछ ।



Scanned with CamScanner

(२) छनौटमा नपरेका आवदेकहरुले दाबी विरोध गर्नुपर्ने भए छनौट भएको मितिले ७ दिन भित्र दाबी/विरोधको पत्र सम्बन्धित कृषि ज्ञान केन्द्रमा दर्ता गरिसक्नु पर्ने छ।

(३) दाबी विरोध उपर कृषि ज्ञान केन्द्र बढीमा ७ दिनभित्र निर्णय गरिसक्नुपर्ने छ ।

(४) छनौट भएका आवेदकहरुले १५ दिन भित्र सम्झौताका लागि कृषि ज्ञान केन्द्रमा सम्पर्क गर्नुपर्नेछ ।

(५) छनौट भएका अनुदानग्राहिहरुसँग अनुसूची -५ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्ने छ ।

८. कार्यक्रम कार्यान्वयन : (१) सम्झौता पश्चात अनुदानग्राहिले सम्झौतामा उल्लेखित शर्त तथा मापदण्ड पूरा गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।साथै कार्य सम्पादन यसै आ.व. भित्र गरिसक्नु पर्नेछ।

(२) कार्यक्रम सञ्चालनको अधिकतम समय सीमा सम्झौतामा तोकिए अनुसार हुनेछ र तोकिएको अवधि भित्र सबै कृयाकलापहरु सम्पन्न गरी फरफारक समेत गर्न सकिनेछ ।

(३) स्थलगत निरिक्षण गर्दा दिईएका सुझावहरु बमोजिम कार्य सन्तोषजनक गरेको नपाईएमा मन्त्रालय, निर्देशनालय वा ज्ञान केन्द्रले १५ दिन सम्मको समयावधि प्रदान गरी कार्यक्रम सञ्चालनमा गुणस्तर कायम गर्न सचेत गराउनेछ ।

(४) उपदफा ३ अनुसार सचेत गराउँदा समेत सन्तोषजनक कार्य हुन नसक्ने देखिएमा सम्झौता गर्ने निकायले सम्झौता खारेज गर्न सक्नेछ ।

९. अनुदान मुल्याङ्कनका मापदण्डहरुः बाँझो जग्गामा खेति प्रोत्साहन कार्यक्रम संचालनका लागि तपसिल बमोजिमका आधारहरुलाई प्राथमिकता दिईनेछ ।

(क) कार्यक्रम संचालन हुने जग्गा कम्तिमा ३ वर्षदेखि सदुपयोग नभएको,

(ख) आंशिक बाँझो रहेको वा खेति गर्दै छाडदै आएको जग्गालाई समेत समावेश गर्न सकिने,

(ग) दिर्घकालिन व्यवसायिक कार्य योजना सहितको खेति गर्न लागिएको,

(घ) पुँजीगत योजना (सिंचाई, यान्त्रिकरण)लाई विशेष रुपमा समावेश गरिएको,

(ङ) न्युनतम् २ रोपनी जग्गा हुनुपर्ने ।

## परिच्छेद- ३

## साझेदारी र अनुदान प्रवाह



Scanned with CamScanner

१०. साझेदारी कार्यक्रमको न्यूनतम आकारः बाँझो जग्गामा खेति प्रोत्साहन कार्यक्रमको लागि कम्तीमा २ रोपनी क्षेत्रफल हुनुपर्ने साथै प्राविधिक एवं भौगोलिक उपयुक्तता भएको स्थानमा गरिने खेतीलाई अनुदान रकम उपलब्ध गराईनेछ ।

११. अनुदान रकम र भुक्तानी प्रक्रिया : (१) तोकिएको क्षेत्रफलमा गरिएको कार्यसम्पन्नताको आधारमा एक रोपनी क्षेत्रफलमा खेति गरिए बापत रु. २०००/- (अक्षरुपी रु. दुई हजार मात्र) का दरले कुल बाँझो जग्गा खेतिको क्षेत्रफलको आधारमा अनुदान रकम सम्बन्धित अनुदानग्राहीलाई उपलब्ध गराईनेछ।

(२) अनुदान रकम उपलब्ध गराउँदा अनुदानग्राहीको तर्फबाट सम्बन्धित वार्डको कार्यसम्पन्न सिफारिस पत्र, कार्यक्रम झल्किने फोटोहरु र समूह/सहकारीको हकमा कार्य सम्पन्नताको बैठक निर्णयका आधारमा गरिनेछ ।

(३) अनुदान रकमको भुक्तानी बाँझो जग्गामा बाली लगाई उपयोग गर्न थालेपछि एकमुस्ठ रुपमा केन्द्र मार्फत प्रदान गरिनेछ ।

(४) साझेदारी कार्यक्रम सम्पन्न भईसकेपछि सोको सञ्चालन लगायत मर्मत सम्भार गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित अनुदानग्राहीको हुनेछ। अनुदानग्राहीले कम्तीमा ५ वर्षसम्म अविच्छिन्न रुपमा सम्झौता बमोजिमको खेति गर्नुपर्नेछ ।

## परिच्छेद ४

## अनुगमन र विविध

१२. अनुगमन तथा मुल्याङ्कनः (१) कृषि ज्ञान केन्द्रले सम्बन्धित स्थानीय निकायको सहयोग तथा समन्वयमा यस कार्यविधि अनुसार संचालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

(२) अनुगमन निरीक्षणको प्रतिवेदन मूल्याङ्कन समितिले हरेक चार महिनामा एकपटक केन्द्रमा पेश गर्नुपर्नेछ।

(३) निर्देशनालय तथा मन्त्रालयले यस कार्यक्रमको अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(४) उपदफा (ग) बमोजिमको निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।



Scanned with CamScanner

१३. <u>बाधा अड्काउ फुकाउ</u>ः यस कार्यविधि कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा भएमा सो को निरुपण मन्त्रालयले गर्नेछ।

१४. <u>संशोधन</u>ः यो कार्यविधि मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

Scanned with CamScanner

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची

(दफा ५ सँग सम्बन्धित)

**बाँझो जग्गामा खेतिका लागि प्रोत्साहन कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धि**

**सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७.../..../....

कृषि विकास निर्देशनालयवाट आ.व. २०७.../.... मा सञ्चालन गरिने बाँझो जग्गामा खेतिका लागि प्रोत्साहन कार्यक्रम रहेको हुंदा कार्यक्रम सञ्चालन गर्न ईच्छुक बागमती प्रदेशका कृषक, निजि फर्म, कृषक समूह तथा कृषि सहकारीले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित देहाय अनुसारको कागजातहरु र निवेदन सम्बन्धित कृषि ज्ञान केन्द्रमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै आवेदकहरु सम्बन्धित कार्यालयमा उपस्थित हुन नसकेमा कार्यालयको ईमेल मार्फत समेत प्रस्ताव पेश गर्न सकिनेछ ।

आवश्यक कागजातहरु:

क. माग निवेदनको साथ निजि फर्म, कृषक, कृषक समूह र कृषि सहकारीको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

ख. सम्बन्धित स्थानीय तहको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र,

ग. समूह वा सहकारीको कार्य समितिको बैठकले बाँझो जग्गामा खेति प्रोत्साहन कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि,

घ. प्रस्ताव आवेदकले आफूले सञ्चालन गर्ने कृषि व्यवसायको अनुसूची-३ बमोजिमको प्रस्ताव,

ङ. बाँझो जग्गामा खेति प्रोत्साहन कार्यक्रमको लागि आवेदक वा निजको परिवारको स्वामित्वमा पर्याप्त जग्गा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा सामान्यतया ५ वर्ष लिजमा लिएको खुल्ने सक्कल कागज।

च. अनुसूची-४ बमोजिमको स्वघोषणा पत्र।

छ. सम्बन्धित व्यक्तिले भोगचलन गरेको तर लालपुर्जा नभएको हकमा स्थानीय तहको स्वीकृती वा सिफारिस ।

पुनश्चः बाँझो जग्गामा खेतिका लागि प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि, २०७७ निर्देशनालयको वेभसाईट................समेत बाट प्राप्त गर्न सकिनेछ।



Scanned with CamScanner

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

रु १० को टिकट

# अनुसूची - २

(दफा ५(२) सगँ सम्बन्धित)

**निवेदनको ढाँचा**

मिति : ...........................

श्रीमान् प्रमुख ज्यू,
कृषि ज्ञान केन्द्र ....................।

विषयः बाँझो जग्गामा खेति प्रोत्साहन कार्यक्रम अनुदान सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा कृषि विकास निर्देशनालयबाट मिति .......................... मा प्रकाशित सूचना अनुसार म/हामीबाट बागमती प्रदेश .................... जिल्ला .......................... न.पा/गा.पा .................. टोल वार्ड नं ....... मा अवस्थित बाँझो जग्गामा खेति प्रोत्साहन कार्यक्रमको लागि त्यस कार्यक्रमबाट अक्षरूपी रू............................. सहयोग पाँउ भनि यो निवेदन दिएका छु/छौ । मैले/हामीले यस कार्यक्रम अन्तर्गत अपनाउनुपर्ने नीति र कार्यविधिहरू सम्पूर्ण रूपमा बुझेका छु/छौ र त्यसै अनुसार पूर्ण रूपमा सहमत छु/छौ । यसका लागि निवेदनका साथ अन्य अवश्यक कागजातहरू समावेश गरी पेश गरेका छु/छौ ।

निवेदक

कृषक/नीजि फार्म / कृषक समूह/सहकारी संस्थाको
अध्यक्ष/प्रतिनिधिको नामः
हस्ताक्षरः
सम्पर्क नं.
मितिः
संस्थाको छापः



Scanned with CamScanner

## अनुसूची

(दफा ५(२) सगँ सम्बन्धित)

## प्रस्ताव पत्र

१) आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरणः

| | |
|---|---|
| आवेदक नामः | |
| पुरा ठेगाना (पत्राचारको लागि) | |
| आवेदक संस्थाको किसिम (कुनै एक मात्र चिन्ह लगाउने) | १. कृषक<br>२. कृषक समुह<br>३. सहकारी<br>४. नीजि फार्म |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाईटरको वा अध्यक्षको नाम | |
| मोवाईल नं. | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के के उद्देश्यका लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोस । | |

२) व्यवसायिक कार्ययोजनाः

| क्र.सं | बाँझो जग्गाको क्षेत्रफल | संचालन गरिने कृषि व्यवसाय | बार्षिक उत्पादन (अनुमानित) | बार्षिक कुल अनुमानित आम्दानी (रु.) | रोजगारी सिर्जना |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |

३) संचालन हुने मुख्य क्रियाकलापहरु र अनुमानित लागतः



Scanned with CamScanner

| क.स. | क्रियाकलापको विवरण | इकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

**४) लागत साझेदारीः**

यस कार्यक्रमको संचालन कुल ............रोपनी क्षेत्रफलको बाँझो जगामा .................बालीको खेति गरिने अनुमान गरिएको छ जसबापत प्रति रोपनी रु. २०००/- (दुइ हजार मात्र) का दरले हुन आउने कुल रकम रु......................(अक्षरुपी.....................................................) अनुदान स्वरूप उपलब्ध गराइनेछ।



Scanned with CamScanner

## अनुसूची-[illegible]

(दफा ५(२) सँग सम्बन्धित)

### स्वघोषणा पत्र

कृषि ज्ञान केन्द्र.......................... द्वारा सञ्चालन हुन गईरहेको बाँझो जग्गामा खेतीका लागि प्रोत्साहन कार्यक्रमका लागि म/हामी (कृषक/निजी फर्म/कृषक समूह/कृषि सहकारी ) सँग ...................... जिल्ला ....................... न.पा/गा.पा ...................... टोल वडा नं ................ मा .................. रोपनी जग्गा ......... वर्ष देखी बाँझो रहेको स्वघोषणा गर्दछु/गर्दछौं।

उपर्युक्त ब्यहोरा ठीक, साँचो हो । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला।

| सि.नं | आवेदकको नाम | नागरिकता नं र लिएको जिल्ला | हालको ठेगाना र सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |



Scanned with CamScanner

## अनुसूची-५

### (दफा ७(५) सगँ सम्बन्धित)

### सम्झौता पत्र

यो सम्झौता मिति २०७७ साल ............ महिनाको .......... गतेका दिन बागमती प्रदेश, कृषि ज्ञान केन्द्र, ..................... (यसपछि प्रथम पक्ष भनिने) र " ..............................................." (यसपछि दोस्रो पक्ष भनिने) बीच " बाँझो जग्गामा खेतीका लागि प्रोत्साहन कार्यक्रम " कार्यान्वयनका लागि देहाय बमोजिमको शर्तहरु पालना गर्ने गरी यो सम्झौता गरिएको छ । यो सम्झौता दुबै पक्षबाट हस्ताक्षर भएको मिति देखि लागू हुनेछ ।

१. **सम्झौता गरेको कामको विवरणः**

| |
|---|
| कार्यक्रमको शिर्षक :" बाँझो जग्गामा खेतीका लागि प्रोत्साहन कार्यक्रम " |
| कार्यक्रम सञ्चालन स्थान : |
| कार्यक्रम सञ्चालन गर्ने संस्थाको ठेगाना: |

२. **कार्यक्रम सञ्चालनको समयावधी**

| | |
|---|---|
| शुरु मिति : | |
| सम्पन्न हुने मिति : | |
| कार्यक्रमको कूल अवधि(महिना।दिन) | |

विशेष परिस्थितिमा सामान्यतया दुबै पक्षको समझदारीमा लिखित सहमतीको परिशिष्ट सहित यो सम्झौताको अवधि थप वा घट हुन सक्नेछ ।

३. **सम्झौताका शर्त एवं अवस्थाहरु (Terms and Conditions)**

(क) द्रोस्रो पक्षले सम्झौतामा उल्लेख भएको कार्यहरु सम्झौता भएको मितिदेखि १५ दिनभित्र सुरु गर्नुपर्नेछ।

(ख) प्रथम पक्षले द्रोस्रो पक्षलाई कार्यक्रम सम्पन्न भए पश्चात सम्झौता बमोजिमको रकम उपलब्ध गराउनु पर्नेछ ।

(ग) प्रथम पक्षले रकम भुक्तानी गर्दा सम्बन्धित विषय प्राविधिकको प्रतिवेदन र आवश्यकता अनुसार आयोजनाको निरीक्षण गरी रकम भुक्तानी गर्नेछ ।साथै अनुदान रकम उपलब्ध गराउँदा अनुदानग्राहीको तर्फबाट कार्यक्रम सम्पन्न तथा वितरण गरेको प्रमाणित बिल भरपाईको आधारमा गरिनेछ ।

४. अनुदान बापत रु. ..................... (अक्षरुपी ....................................... मात्र) नियमानुसार करकट्टि गरि प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिनेछ।



Scanned with CamScanner

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय हेटौंडा, मकवानपुर, नेपाल

५. दोस्रो पक्षले स्विकृत प्रस्तावमा उल्लेख भए बमोजिमका कार्यहरु कार्ययोजना बमोजिम गर्नु पर्नेछ।

६. पहिलो पक्षले कार्यक्रमको नियमित अनुगमन गर्नेछ।

७. दोस्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेको वा अनुदान रकमको दुरुपयोग गरेको पाइएमा सरकारी बाँकि सरह असुल उपर गरिनेछ।

८. अनुदानग्राहीले अन्तिम भूक्तानी माग्नु पूर्व संचालित परियोजनाअनुदान कार्यक्रमको / सार्वजनिकिकरण समेत गरेको हुनुपर्नेछ ।

९. दोस्रो पक्षको बैङ्क खाता विवरण निम्न बमोजिम हुनेछ र यदि कार्यक्रम सञ्चालन अवधिमा यी विवरणहरुमा कुनै परिवर्तन हुन गएको हकमा प्रथम पक्षलाई तत्काल जानकारी गराउनु पर्नेछ ।

| | |
|---|---|
| बैंकको नाम तथा ठेगाना : | |
| बैंक खाताको नाम : | |
| बैंक खाता नं .: | |
| बैंक खाताको किसिम : | |
| खाता सञ्चालकको नाम :<br>पद : | |

१०. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।

| प्रथम पक्षको तर्फबाट आधिकारिक हस्ताक्षर | दोस्रो पक्षको तर्फबाट आधिकारिक हस्ताक्षर |
|---|---|
| हस्ताक्षर:<br>मिति :<br>नाम :<br>पद :<br>संस्था :<br>ठेगाना:<br>छाप : | हस्ताक्षर:<br>मिति :<br>नाम :<br>पद :<br>संस्था :<br>ठेगाना:<br>छाप : |
| साक्षी<br>मिति :<br>नाम :<br>पद :<br>संस्था :<br>ठेगाना: | साक्षी<br>मिति :<br>नाम :<br>पद :<br>संस्था :<br>ठेगाना: |